**परियोजना:**

कीर्तिपुर नगरपालिकामा पूर्ण र दिगो फोहोर व्यवस्थापन परियोजना (ZERO WASTE DESIGN PLANT) को विषयमा अध्ययन र निर्माण गर्न कीर्तिपुर नगरपालिका, त्रिभुवन विश्वविद्यालय, इशिजाका इंक. (ISHIZAKA INC., JAPAN) र आइडिया स्टुडियो नेपाल (IDEA STUDIO NEPAL) साझेदारीहरु वीच सम्झौता भई कार्य थालनी भईसकेको छ।



**अगाडि पङ्क्ति (बायाँदेखि):**
डा. छेरिङ लामा, कार्यकारी अध्यक्ष तथा सह-संस्थापक, आइडिया स्टुडियो नेपाल
कृष्ण मान डंगोल, मेयर, कीर्तिपुर नगरपालिका
युमिको एन्डो, कार्यकारी अधिकृत, अध्यक्षको कार्यालय, ओभरसिज न्यू बिजनेस तथा ग्लोबल *HR*, इशिजाका इन्क।

सन् २०२४ देखि इशिजाका इंक. र आइडिया स्टुडियोले नेपालमा "पूर्ण र दिगो फोहोर व्यवस्थापन परियोजना (Zero Waste Design)" अन्तर्गत फोहोर व्यवस्थापनमा काम गर्न साझेदारी पत्रमा हस्ताक्षर गरी सहकार्य गर्दै आएका छन्। यसै क्रममा सन् २०२५ मा त्रिभुवन विश्वविद्यालय र कीर्तिपुर नगरपालिका सँग पनि साझेदारी पत्रमा हस्ताक्षर गरी सार्वजनिक–निजी साझेदारी ढाँच (Public-Private Partnership Model) अन्तर्गत यस परियोजनाका केही कार्यहरू सम्पन्न भएका छन्। यस पूर्ण र दिगो फोहोर व्यवस्थापन परियोजनालाई थप सहयोग र ऊर्जा प्रदान गर्न, सन् २०२५ मा थ्री आर रिसर्च फाउन्डेसन (3R Research Foundation) द्वारा "FY २०२५ विदेशमा जापानको सर्कुलर इकोनोमी व्यवसाय प्रवर्द्धन" कार्यक्रमका लागि छनोट गरिएको छ। पब्लिक इन्ट्रेस्ट इन्कर्पोरेटेड फाउन्डेसन (Public Interest Incorporated Foundation) र थ्री आर (3R)को सहयोगमा यस परियोजनाले आफ्नो सम्भाव्यता अध्ययन तथा फोहोरमा पाइने रासायनिक सामग्रीहरूको अनुसन्धान सम्पन्न गरेको छ। साथै, यसै कार्यक्रम अन्तर्गत त्रिभुवन विश्वविद्यालय र इशिजाका इंक बीच विशेषज्ञहरूको आदान–प्रदान कार्यक्रम पनि सुरु भएको छ।




त्रिभुवन विश्वविद्यालय, आइडिया स्टुडियो नेपाल र इशिजाका इन्क. बीच समझदारी पत्र *(MoU)* हस्ताक्षर समारोह





इशिजाका, जापानमा आयोजित *EEP* कार्यशाला (जनवरी २०२६) मा

## आइडिया स्टुडियो नेपाल

### १. समाज र पर्यावरण मैत्री व्यवसाय

आइडिया स्टुडियो नेपालले स्थापनाकाल देखिनै समाज र पर्यवणमा सकारात्मक प्रभाव पार्ने व्यवसायहरूको सिर्जना र प्रवर्द्धन गर्दै देशमा (नेपालमा) उद्यमशीलताका विकासमा टेवा पुर्याउदै आएको छ।नेपाल सरकार र आइडिया स्टुडियो नेपालको साझेदारीमा समावेशीता, अवसरहरू सुनिश्चित गर्न उद्यमीहरूको लागि नीतिगत कामहरु गर्दै आएको छ। यसै गरी अनुसन्धान र ज्ञानमा आधारित अर्थतन्त्रलाई प्रवर्द्धन गर्न नेपालका विश्वविद्यालयहरूसँग साझेदारी गर्दै आएको छ। नेपालमा खासगरी पर्यवरण मैत्री व्यवसायहरूमा विश्वव्यापि विशेषज्ञता अतिनै आवशेक्ता पर्दछ । तसर्थ, आइडिया स्टुडियो नेपालले विश्वकै प्रख्यात कम्पनी इशिजाका इंकको संयुक्त पहलमा यो परियोजना सुरु गरेको छ र कार्यन्वयन गर्ने छ।

### २. पूर्ण र दिगो फोहोर व्यवस्थापन डिजाइन ल्याब (ZERO WASTE DESIGN LAB)

यस "Zero Waste Design Plant"लाई ज्ञानको आधारमा अगाडी बढाउन त्रिभुवन विश्वविद्यालयका विभिन्न स्कूल संकायहरुका मार्फत अनुसन्धानलाई निरन्तर र विशेषज्ञा आदानप्रदान कार्यक्रमहरु गरिनेछन्। साथै यस परियोजनामा चाहिने मानव संसाधन (Human Resources) को विकास र अध्ययन अध्यापानको पाठ्यक्रमको संयुक्त रूपमा विकास गारिनेछ। तसर्थ यो Zero Waste Design Plant परियोजना विश्वविद्यालयको लागि शैक्षिक अनुसन्धान गर्ने प्रयोगशालाको रूपमा स्थापना गारिने छ।

### ३. हरियो र सफा शहर

माथि उल्लेखित उद्देश्यहरू वा यस परियोजनाको पहलको प्रमुख प्राथमित्ता कीर्तिपुर नगरपालिकालाई "हरियो र सफा शहर" बनाउने लक्ष्य हो। कीर्तिपुरको विशेष पहलमा यो प्लान्ट/परियोजना कीर्तिपुर नगरपालिकामा स्थापन गर्न लागेको हो। तसर्थ नगरपालिको नीति, योजना, सहयोगात्मक संरचनाहरुको गहन र अन्तर नगरपालिका साझेदारीलाई सुधृत गर्न नगरपालिकाको विशेष भूमिका राहेको छ। हामी सबै साझेदारीदाताहरु कीर्तिपुर नेपाल कै पहिलो "Zero Waste Design" नगरपालिकाको रूपमा स्थापित गर्नु राहेको छ।

हाम्रो उद्देश्य अनुरूप "समाज र पर्यवरण मैत्री व्यवसाय"को नमुना जिरो वेस्ट डिजाइन रिसर्च ल्याब (Zero Waste Design Research Lab" र "हरियो र सफा शहर (Clean and Green City)" को स्थापना गर्न निम्न लिखित क्रियाकलपहरू गरिनेछन्। – यस परियोजनाबाट...

**क. घरेलु फोहोरका वर्गीकरण र प्राविधिक प्रमाणिकरणमा सुधार ल्याई ठोस- इन्धनको (RPF) उत्पादन गर्ने:**

कीर्तिपुर नगरवासीहरूको सहभागितामा "व्यावहारिक वातावारनिये शिक्षा" को थालनी नगरपालिका र विश्वविद्यालयहरूसँगको साझेदारीमा फोहर छुट्याउने र फोहरको महत्वको विषयमा जन-चेतना जगाउने र घर-घरबाट नै फोहरको वर्गीकरणको दर बढाउने लक्ष्य लिएका छौ। यसरी वर्गीकरण गरेमा फोहोरबाट गुरंस्तर RPF (इन्धनको) उत्पादन गर्नमा समेत सहयोग पुग्ने आशा गरिएको छ। यो RPFउच्च गुरंस्तरिये उर्जा इन्धनको रुपमा खपत गर्न सकिने र नेपालले व्येहोर्दै आएको "कोइला"को आयातमा केहि कमि ल्याउने उदेश्य लिएको छ।

**ख. "सर्कुलर उद्यमीको विकास र विश्वव्यापीमा उदाहरण बन्ने र यस्को नेतृत्व लिने":**

यो परियोजना नेपाल र जापान दुवै देशका लागि हरित/पर्यवण मैत्री व्यावसायको मोडेल (Model) हरु सिर्जना गरी विश्वस्तरमै एक नेतृत्व लिनु र उदाहरण बन्नु राहेको छ।

दुई देश बिचको साझेदारीमा जापानमा नेपालीहरूका लागि प्राविधिक विशेषज्ञहरूका तालिम र रोजगार प्रदान गारिने छ र ज्ञान र अनुभवहरू नेपालमा हस्तान्तरण गरेर पून उद्यमीहरूको विकास गर्न र पर्यवण मैत्री व्यापार सुरु गर्न सहयोग गारिने पनि रहेको छ।

**ग. हरित वा पर्यवण मैत्री रोजगारीको सिर्जना, दिगो कार्य पद्धतीहरूको अभ्यासको थालनी**

कीर्तिपुर नगरपालिकामा व्यवस्थापन गर्न स्थापनाहुने प्लान्ट/परियोजना मार्फत स्थानीय नागरिकहरुका लागि कार्यस्थल र दिगो रोजगारीहरूको अवसरहरू सिर्जना गर्नु पनि विशेस्ताका साथ राखिएको छ।

साथै नेपालका विश्वविद्यालयहरूबाट इन्जिनियर, व्यवसाय/व्यवस्थापन डिग्री र अन्य हरित व्यवसाय (Green Job/Business) स्थापना गरी सञ्चालन गर्न चाहनेहरूका लागि पनि एक नमुना कार्यस्थलको रूपमा विकाश गर्ने योजना राहेको छ।

अन्तमा यो पूर्ण र दिगो फोहोर व्यवस्थापन परियोजना पर्यवण मैत्री फोहर व्यवस्थापन परियोजना कीर्तिपुर नगरपालिकामा फोहर पूर्ण रूपमा व्यवस्थापन गरी इशिजाका र आइडिया स्टुडियोले EEP (Expert Exchange Program) मोडेल अन्तर्गत हाम्रो त्रिपक्षीय साझेदारी प्रयास (Model): सरकार (नीति), शैक्षिक संस्था (ज्ञान) र उद्योग (प्रयोगकर्ता) Policy-Knowledge-Practice दिगो विकासका लागि नमुना हुने प्रयात्ना गरेका छौ। यो परियोजना नेपाल र जापान बिचको संयुक्त उद्यम (Joint Venture) रूपमा पारिचालन गरिने छ। नेपालको प्राकृतिक वातावरण र संस्कृतिको संरक्षण प्रतिब्रधित, स्थानिएको विश्वाशिलो साझेदारी, विश्वविद्यालयमा ज्ञान र अनुसन्धान संग मिलाएर "फोहोरलाई नगदमा परिणत गर्न समाज" को उदाहरणको दिगो विकासमा टेवा पुर्याउने अठोट लिएको छ।